# स्थानीय राजपत्र

## चन्द्रकोट गाउँपालिकाद्वारा प्रकाशित

चन्द्रकोट, खण्डः ९ भागः २ संख्याः ०१, मितिः २०८३/०१/०९ गते

### भाग-२

### चन्द्रकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

चन्द्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ को अधिकार प्रयोग गरी चन्द्रकोट गाउँ कार्यपालिकाले बनाएको यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

# विद्यालय शैक्षिक सुधार अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मिति:- २०८३/०१/०८**

**प्रस्तावना**

चन्द्रकोट गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा स्वीकृत दरवन्दी न्यून रहेको, विद्यालयको कोषमा आफ्नो आम्दानीको स्रोत नरहेकोले शिक्षा जस्तो संवेदनशील क्षेत्र सामुदायिक विद्यालय संचालन गर्न गाउँपालिकाबाट विनियोजित अनुदान संचालनका लागि स्पष्ट कानूनी व्यवस्था गरी खर्च गर्न वाञ्छनीय भएकाले, “नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ८ का अधिकारलाई कार्यान्वयन गर्न, “स्थानीय सरकार सञ्चालन ऐन २०७४” को दफा १०२ बमोजिम चन्द्रकोट गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम सामुदायिक विद्यालय शैक्षिक सुधार अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुदान" भन्नाले चन्द्रकोट गाउँपालिकाबाट पालिकास्तरीय र वडास्तरीय बजेटबाट सामुदायिक विद्यालय संचालनार्थ विनियोजित बजेटलाई सम्झनु पर्दछ।

(ख) "मापदण्ड" भन्नाले शिक्षक दरवन्दी न्यून रहेका सामुदायिक विद्यालयहरु संचालन गर्न हाल संचालित तह र कक्षा, मौजुदा दरवन्दी र चालु शैक्षिक सत्रका विद्यार्थी संख्या, विद्यार्थी-शिक्षक अनुपात आदिका आधारमा अनुदान प्रदान गर्न बनाइएको मापदण्ड वा नर्म्सलाई सम्झनुपर्दछ।

(ग) “गाउँपालिका” भन्नाले चन्द्रकोट गाउँपालिकालाई सम्झनुपर्दछ।

(घ) “कार्यपालिका” भन्नाले चन्द्रकोट गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ।

(ङ) “सामुदायिक विद्यालय” भन्नाले चन्द्रकोट गाउँपालिका भित्रका आधारभूत विद्यालय र माध्यमिक विद्यालयलाई सम्झनुपर्दछ।

(च) “आधारभूत विद्यालय” भन्नाले कक्षा ८ सम्म सञ्चालित सामुदायिक विद्यालय सम्झनुपर्दछ।

(छ) “माध्यमिक विद्यालय” भन्नाले कक्षा १२ सम्म सञ्चालित सामुदायिक विद्यालय सम्झनुपर्छ।

३. **अनुदान सम्बन्धी व्यवस्था**:- (१) गाउँसभाले आवश्यकताका आधारमा दरवन्दी न्यून रहेका सामुदायिक विद्यालयहरु संचालन गर्न हाल संचालित तह र कक्षा, मौजुदा दरवन्दी, चालु शैक्षिक सत्रका विद्यार्थी संख्या, विद्यार्थी-शिक्षक अनुपात आदिका आधारमा मापदण्ड बनाई आवश्यक वजेट छुट्याउन सक्नेछ।

(२) गाउँसभाले सामुदायिक विद्यालय संचालनार्थ अनुदान बजेट छुट्याएमा कार्यपालिका बैठकले आवश्यकता तथा मापदण्डका आधारमा न्यून दरवन्दी रही निजी स्रोतबाट तलब भत्ता भुक्तान गर्नु पर्ने सामुदायिक विद्यालयहरुलाई तोकिएको आधारमा आवश्यक अनुदान उपलब्ध गराउने छ।

४. **अनुदान प्राप्त गर्ने सम्बन्धी व्यवस्था**:- (१) गाउँपालिकाबाट सामुदायिक विद्यालय संचालनार्थ अनुदान बजेट विनियोजन भइसके पश्चात सामुदायिक विद्यालयलाई देहायका प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराइने छ।

(क) विद्यालय व्यवस्थापन समितिको निर्णय।

(ख) अनुसूची-१ बमोजिम विद्यालयको प्रस्ताव पत्र।

(ग) शिक्षक नियुक्ति पत्रको प्रतिलिपि वा म्याद थप पत्रको प्रतिलिपि।

(घ) शिक्षकको तलव भत्ता सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि।

(ङ) वडाबाट विनियोजित थप अनुदानको हकमा सम्झौता गरिदिने सम्बन्धी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

(२) दफा १(ङ) बमोजिमको अनुदान कार्यान्वयन सम्बन्धी व्यवस्था चालु आ.व. २०८२/०८३ का लागि मात्र लागु हुनेछ।

५. **अनुदान निकासा सम्बन्धी व्यवस्था**:- गाउँ कार्यपालिकाले दफा ४ बमोजिम प्रस्तावना पारित भए पश्चात देहाय बमोजिम अनुदान रकम विद्यालयको खातामा निकासा दिनेछ।

**देहाय**:

(क) अनुदान रकम प्रत्येक त्रैमासिक रुपमा उपलब्ध गराइने छ।

(ख) प्रत्येक त्रैमासिक रुपमा एक चौथाइ रकम अनुदान उपलब्ध गराइने छ।

(ग) त्रैमासिकमा अनुदान रकम निकासा माग्दा पहिलो त्रैमासिक निकासाको रकम दफा ६ बमोजिम कागजात समेत पेश गर्नु पर्नेछ।

६. **अनुदान रकम माग, निकासा तथा फछ्र्यौट सम्बन्धी व्यवस्था**:- (१) गाउँपालिकाबाट विद्यालय संचालनार्थ प्राप्त गरेको बजेट रकम सामुदायिक विद्यालयले देहाय बमोजिम माग तथा फछ्र्यौट गर्नु पर्नेछ।

(क) दफा ४ बमोजिमका कागजातको प्रति।

(ख) शिक्षकको तलव, भत्ता भुक्तानीको भरपाई (सम्बन्धित शिक्षकको बैंकमार्फत नीजको खातामा भुक्तानी भएको प्रमाण वा भरपाई)

(ग) शिक्षक उपस्थितिको प्रमाणित हाजिरी कितावको अभिलेख।

(घ) असार मसान्त समाप्त हुनुभन्दा ७ दिन अगाडी दफा ४ बमोजिम पेश भएको प्रस्ताव अनुसारको वार्षिक प्रगति प्रतिवेदन।

(ङ) तोकिएबमोजिमका अन्य कागजात।

(२) विनियोजित रकम तलव बाहेक शैक्षिक गुणस्तर सुधारका अन्य क्षेत्रमा समेत खर्च गर्न सकिनेछ।

(३) अनुदान रकम प्रस्तावनामा भएको उद्धेश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ।

९. संशोधन सम्बन्धी व्यवस्था:- गाउँ कार्यपालिकाको बैठकले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

१०. खारेजी र वचाउँ:-

(क) सामुदायिक विद्यालय अनुदान संचालन कार्यविधि, २०७८ खारेज गरिएको छ।

(ख) यसभन्दा अगाडी भए गरेका काम कारवाही यसै बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले
लक्ष्मणप्रसाद चालिसे
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

(दफा ४ को (ख) सँग सम्बन्धित)

प्रस्ताव पत्र (Proposal Paper) को ढाँचा

१. पृष्ठभूमि

२. विद्यालयको वर्तमान शैक्षिक तथा दरवन्दीको स्थिति

३. विनियोजित रकम

४. कार्यक्रम कार्यान्वयन गर्ने निकाय/विद्यालय

५. उद्देश्य

६. कार्यक्रम/अनुदानबाट लाभान्वित हुने क्षेत्र र संख्या

७. मौजुदा शिक्षक-विद्यार्थी संख्या

८. माग गरिएको अनुदान रकम विवरण /लागत विवरण

९. अपेक्षित उपलब्धि

| | | | |
|---|---|---|---|
| ............ | ............ | ............ | ............ |
| पेश गर्ने | सिफारिस गर्ने | रुजु/जाँच गर्ने | स्वीकृत गर्ने |
| (प्रधानाध्यापक) | (विव्यस अध्यक्ष) | (शिक्षा शाखा प्रमुख) | (प्रमुख प्रशासकीय अधिकृत) |
| ........ विद्यालय | ........ विद्यालय | चन्द्रकोट गाउँपालिका, गुल्मी | चन्द्रकोट गाउँपालिका, गुल्मी |